राष्ट्रिय सूचना आयोग
का. म. न. पा.-१०, बानेश्वर, देवीनगर

प. सं. ०७७/७८

च. नं. ............

## कोरोना भाइरसबाट जोगिन प्रयोग हुने मास्क र स्यानिटाइजरको गुणस्तर, कोरोनाको औषधी वा रोकथामका लागि उपयोगी हुने भनि विक्री वितरणमा रहेका आयुर्वेदिक उत्पादनको गुणस्तर र संक्रमितको विवरण वडा तहसम्मको दिने सम्वन्धमा जारी गरिएको प्रेस विज्ञप्ती

कोरोना भाइरसको संङ्क्रमणको रोकथाम, नियन्त्रण तथा उपचार र राहतका लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका सार्वजनिक निकायहरूबाट नियमित रूपमा भईरहेको प्रयास सकरात्मक छ । तथापी संक्रमित र मृतकको संख्या दिनानुदिन बढ्दै जानु चिन्ताजनक छ । यसको रोकथाम, उपचार, राहत तथा व्यवस्थापन लगायतका कार्यहरूका लागि थप प्रयासहरू गरी रहनु परीक्षणलाई विस्तार तथा तीव्रता दिनु अत्यन्त आवश्यक देखिएको छ ।

नेपाल सरकार, विश्व स्वास्थ्य संगठन लगायतका संस्थाहरूले कोरोनाबाट जोगिनका लागि नियमित रूपमा मास्क लगाउन, स्यानिटाइजर प्रयोग गर्न, साबुनले हात धुन र सामाजिक दूरी कायम गर्न अनुरोध गर्दै आई रहेको छ । भ्याक्सिन उपलव्ध नभएसम्म यी नियमहरूको पालना गर्नु आवश्यक देखिन्छ । यो संक्रमण लामै समयका लागि कायम रहने अवस्था देखिँदा सर्वसाधारण नागरिकले उल्लेखित नियम पालना गर्न आवश्यक पर्ने मास्क र स्यानिटाइजरको प्रयोगको आकार र व्याय भार बढ्न सक्ने हुँदा यसको गुणस्तर निर्धारण र उत्पादन बढाउनु आवश्यक देखिन्छ । बजारमा उपलब्ध कतिपय मास्क तथा स्यानिटाइजरको उत्पादन नेपालमा नै भएको र कतिपय विदेशवाट आयात हुने गरेका छन् । यसरी व्यापक रूपमा प्रयोग हुने वस्तुहरू गलत वा कम गुणस्तरको हुँदा कोरोनाको संक्रमणबाट जोगिनुको सट्टा थप संक्रमण हुने वा अन्य नकरात्मक असर पर्ने संभावनालाई नकार्न सकिँदैन । औषधी व्यवस्था विभागबाट हालै केहि स्यानिटाइजरमा लगाएको प्रतिवन्धले पनि स्पष्ट गरेको छ । यस अवस्थामा मास्क र स्यानिटाइजरको गुणस्तर निर्धारण गर्न, अनुगमन गर्न, प्रतिवन्ध लगाउन, दण्ड जरिवाना गर्न र यसका वारेमा सर्वसाधारण नागरिकलाई नियमित रूपमा जानकारी गराउन आवश्यक देखिएको यस आयोगको ठहर रहेको छ ।

यस्तै गरी कोरोना भाइरसबाट जोगिन वा औषधी नै भनी विभिन्न प्रकारका आयुर्वेदिक उत्पादनहरू सर्वसाधारण नागरिकलाई बिक्री वितरण भएको भन्ने भनाई आइरहेका छन् । यसरी विक्री वितरण हुने उत्पादनहरूको गुणस्तर निर्धारण नहुँदा, अनुगमन नहुँदा, कारवाही नहुँदा यसवाट सर्वसाधारण नागरिकको स्वास्थ्यमा पर्न सक्ने नकरात्मक प्रभाव तथा सर्वसाधारण नागरिकले गर्नु परेको व्ययका वारेमा गंभीर भएर सोच्नु पर्ने भएको छ । कतिपय आयुर्वेदिक उत्पादन नेपालमा नै भएको र कतिपय विदेशवाट आयातित छन । यस्ता उत्पादनहरूमा समयमा नै नियन्त्रण गर्न नसक्दा पर्न सक्ने आर्थिक, सामाजिक तथा स्वास्थजन्य प्रभावका वारेमा सचेत हुन वा गराउन आवश्यक देखिन्छ । तसर्थ यस्ता उत्पादनहरूको समयमै गुणस्तर निर्धारण, अनुगमन, नियन्त्रण गर्न अत्यन्त जरुरी रहेको आयोगको बुझाइ छ । तथापी, अनुगमन गर्ने र निर्देशन दिने निकायको आपसी समन्वयको कमी रहेको देखिएकोले सो समन्वय हुन आवश्यक देखिन्छ ।

कोरोनाबाट संक्रमित तथा मृतकहरूका वारेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दैनिक रूपमा प्रेस सम्मेलन गरी सर्वसाधारणलाई जानकारी गराउने गरेको छ, जुन प्रसंसनिय छ । यसवाट नेपालमा संक्रमित तथा मृतकहरूको वृद्धिदरका वारेमा विश्लेषण गर्ने, आफु जोगिने, अरुलाई पनि जोगाउने, रोकथाम, उपचार


फोन नं: ०१४४६४४१२, ०१४४९६५४४ फ्याक्स: ०१४४९६५४५, ईमेल: info@nic.gov.np वेबसाईट: www.nic.gov.np

तथा नियन्त्रणका लागि योजनाबद्ध रूपमा अगाडी बढ्न सहयोग पुगेको छ । यसै सन्दर्भमा गण्डकी प्रदेश सरकार र काठमाडौं महानगरपालिकाले संक्रमितहरूको विवरण सार्वजनिक गर्दा स्थानीय तहको नाम र वडासम्मको दिने गरेको छ जुन निकै लाभदायी भएको महसुस भएको छ । यस अवस्थामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार वा स्थानीय तहले दैनिक रूपमा वडातहसम्मको विवरण सार्वजनिक गर्दा सबै पक्ष लाभान्वित हुने देखिन्छ ।

उल्लेखित बिषयहरूका बारेमा छलफल गर्न आयोगले मिति २०७७ भदौ ३१ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका उद्योग सचिव, औषधि व्यवस्था विभागका महानिर्देशक, आयूर्वेद विभागका महानिर्देशक, नेपाल गुणस्तर तथा नाप तौल विभागका महानिर्देशक, काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत समेतलाई भर्चुअल बैठकमा आमन्त्रण गरेको थियो । छलफलका क्रममा देहाय बमोजिमको अवस्था रहेको पाईयो ।

१. मास्कको गुणस्तरका सम्बन्धमा नेपाल गुणस्तर तथा नाप तौल विभागले N-95 र मेडिकल फेस मास्कको गुणस्तर निर्धारण गरेको तर यसको नियमन गर्ने अधिकार आफूमा नरही स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा रहेको भन्ने भनाई उक्त विभागका महानिर्देशकबाट आएको । यस विभागबाट बनाईएका गुणस्तर स्वेच्छिक रहेको भन्ने भनाई महानिर्देशकबाट आएको ।

२. औषधि व्यवस्था विभागले अल्कोहलमा आधारित स्यानिटाइजरको मात्र गुणस्तर निर्धारण गरेको र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले त्यस्तो स्यानिटाइजर प्रयोग गर्नु पर्ने भनी अनुरोध गरेको भनाई उक्त विभागका महानिर्देशकको रहेको । बजारमा उपलब्ध स्यानिटाइजरहरूको पर्याप्त अनुगमन गर्न नसकिएको तथा प्रचार प्रसार गर्न पनि विभागको बजेट पर्याप्त नहुँदा गर्न नसकिएको भनाई आएको । यस्तै बिषय प्रचार प्रसार गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा अन्तर्गत स्वस्थ्य सूचना केन्द्रमार्फत खर्च भैरहेको देखिन्छ, तसर्थ यसको प्रयोग गर्नु पर्ने देखियो । विभागले मास्कको गुणस्तर निर्धारण पनि नगरेको र अनुगमन गर्ने नगरेको अवस्था पाईयो । अनुगमनको क्रममा गुणस्तरहीन स्यानिटाइजरको सम्बन्धमा अनुसन्धान भैरहेको र कारबाही गर्न कुन कानून अन्तर्गत गर्ने भन्ने बारेमा छलफल भैरहेको भन्ने भनाई आएको ।

३. आयुर्वेदिक उत्पादनहरूका बारेमा यसको गुणस्तर निर्धारण, अनुगमन, दण्ड जरिवाना गर्ने अधिकार आयुर्वेद विभागसँग नरहेको औषधि व्यवस्था विभागसँग रहेको र आयुर्वेद विभागले आयुर्वेद औषधि उत्पादन भै नसकेको हुँदा यस्को प्रयोग वा बिक्री नगर्न नगराउन भनी सर्वसाधारणलाई जानकारी गराएको भन्ने भनाई आएको छ ।

तसर्थ माथी उल्लेख भएका बिषयहरूका सम्बन्धमा देहाय बमोजिम गर्न गराउन र सोको कार्य प्रगति १५ दिनभित्र आयोग समक्ष पठाउनू भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवका नाममा सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा १९ को खण्डा (ग) बमोजिम यो आदेश जारी गरिएको छ ।

१. मास्क तथा स्यानिटाइजरको गुणस्तर निर्धारण गरी त्यस वारेमा व्यापक प्रचार प्रसार गर्नू गराउनू ।

२. मास्क र स्यानिटाइजरको बजार अनुगमन गर्ने र त्यसको परिणाम वारेमा नियमित रूपमा सूचना प्रवाह गर्नू गराउनू ।

३. कोरोनाको औषधी वा रोकथाम गर्ने भनि बिक्री वितरण हुने वा हुनसक्ने आयुर्वेदिक उत्पादनहरूको गुणस्तर निर्धारण गरी सर्वसाधारणलाई नियमित रूपमा जानकारी गराउने । यस्ता उत्पादनको नाममा बिक्री वितरण भैरहेको भए रोक लगाई सर्वसाधरणलाई जानकारी गराउनू ।

४. कोरोनावाट संक्रमितहरूको विवरण (व्यक्तिगत गोपनियता कायम हुने गरी मात्र) वडा तहसम्मको विवरण तयार गरी नियमित रूपमा सार्वजनिक गर्ने गराउने व्यवस्था मिलाउनू ।

(कमला ओली थापा)

२०७७ भाद्र ३१ गते बुधबार । सूचना आयुक्त तथा प्रवक्ता